राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि

newskoseli.com

सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– १, साउन ५ गते शुक्रबार, २०८० (21 July, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# ‘एकताले मात्रै उपलब्धिको रक्षा’ : नेपाल

## ‘वामपन्थी दलहरूमा विचलन, पुँजीवादी चरित्रको बढ्दो प्रभावसँगै अवसरवाद विकसित’

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री एवम् नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले ‘सम्पूर्ण कम्युनिस्ट शक्तिको एकताले मात्रै अहिलेसम्मका राजनीतिक उपलब्धिको रक्षा गर्न सकिने’ कुरामा जोड दिएका छन् । नेकपा (एस) को सचिवालय बैठकमा अध्यक्ष प्रस्तुत गर्न अध्यक्ष नेपालले तयार पारेको ‘वर्तमान परिस्थिति र आगामी कार्यभार’ शीर्षक राजनीतिक प्रतिवेदनमा उनले यस्तो खाँचो औंल्याएका हुन् ।




अध्यक्ष नेपालद्वारा लिखित उक्त प्रतिवेदनमा राष्ट्रियताको संरक्षण, जनअधिकारको रक्षा, वामपन्थी दलहरूमा देखापरेका विचलन, उनीहरूमा पुँजीवादी चरित्रको बढ्दो प्रभाव र विकसित हुँदै गएको अवसरवादका इत्यादि विषय समेटिएका छन् । सो प्रतिवेदनमा संगठन सुदृढीकरण, पार्टीको भावी रणनीति, जनताको सेवा, सुशासन र समाजवादी व्यवस्था स्थापनाको सम्भाव्यतालगायत विषयहरू समेत समेटिएका छन् । पुष्पलाल स्मृति प्रतिष्ठानमा

**संगठनात्मक सुदृढीकरण, भावी रणनीति, जनसेवा, सुशासन र समाजवाद स्थापनाको सम्भाव्यतामा छलफल**

गत शुक्रबारदेखि जारी बैठकमा हालसम्म बोलेका नेताहरूले आ-आफ्ना धारणा राख्दै संगठन सुदृढीकरण अभियान लगायत विषयमा सुझाव तथा प्रतिक्रिया दिएका छन् । अध्यक्ष नेपालले ती सुझाव र नेताहरूले उठाएका प्रश्नहरूको जवाफ आउँदो बैठकमा दिने तयारी भइरहेको जानकारी सो पार्टीका नेताहरूले दिएका छन् ।

---

### अलबिदा सीता : सातौं दिनमा श्रद्धाञ्जली कार्यक्रम

# ‘अरूलाई पीडा दिन नजानेकी सीताले मृत्यु पनि निकै शान्त रोजिन्’ : प्रधानमन्त्री प्रचण्ड



**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जीवनसंगिनी सीताको निधनको शोकको घडीमा सबैको साथ, संवेदना र सद्भावले आफूहरूलाई पीडाबाट निस्कन मद्दत गरेको बताएका छन् ।


पत्नी सीताको निधन भएको सातौं दिन सरकारी निवास बालुवाटारमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा बोल्दै प्रधानमन्त्री दाहालले शोकको घडीमा सबै पक्षबाट प्राप्त सहानुभूतिबाट देश र समाजप्रति थप जिम्मेवार हुन प्रेरित गरिरहेको आफूलाई महसुस भएको बताए ।

प्रधानमन्त्री दाहालले छोरा र छोरी गुमाउँदाको पीडामा समेत शरीरले साथ दिएसम्म पत्नी सीता दृढतापूर्वक उभिएको सम्झिए । उनले पत्नी सीताको क्रमशः अन्तिम पृष्ठमा

---

# आमा– ७

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक–साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास ‘द मदर’ सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित ‘आमा’ उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत ‘आमा’ उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**



**धारावाहिक उपन्यास**
**म्याक्सिम गोर्की**

यी मानिसहरूलाई उछिन्न उनी छिटोछिटो हिँड्न थालिन् । उनीहरूलाई उछिन्न गाह्रो थिएन किनभने उनीहरू एकदम मन्द चालले अगाडि बढ्दै थिए ।

अकस्मात् जुलुसको अघिल्लो भाग कुनै कुरासँग गएर ठक्कर खाएजस्तो लाग्यो र एक भयभीत गर्जनसहित पूरा भीड पछि हट्न थाल्यो । गीत पनि एकपल्ट काँप्यो तर फेरि तुरुन्तै पहिलेभन्दा पनि अझ चर्को स्वरमा गुञ्जिन थाल्यो । केही बेरपछि गानाको जोड घट्न थाल्यो । एकपछि अर्को मान्छेहरू गाउन बन्द गर्दै थिए । अलगअलग केही आवाजहरू सुनिदै थिए जो गानालाई पहिलेकै जस्तो गौरव प्रदान गर्ने कोशिश गर्दै थिए ।

“जाग लौ उठ ए मजदूरगण भोका र नाङ्गा सब अघि बढ...।” क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २९, अङ्क- १, साउन ५ गते शुक्रबार, २०८०

## सम्पादकीय

# गौरवमय उनान्तीसौं वर्षारम्भको प्रतिबद्धता

अनेकौं आरोह-अवरोह, घुम्ती र मोडहरू पार गर्दै यस पत्रिकाले गताङ्कमा अठ्ठाईसौं वर्ष पूरा गरेको थियो। यस अङ्कदेखि जनजिब्रो साप्ताहिकले उनान्तीसौं वर्षमा प्रवेश गरेको छ। नयाँ वर्षारम्भको यस अवसरमा हामी फेरि पुरानै प्रतिबद्धता दोहोऱ्याउन चाहन्छौं।

सर्वविदितै छ कि नेपालमा आमसञ्चारका माध्यमहरूको कुनै कमी र अभाव छैन। जनजिब्रोजस्ता स्रोत-साधनविहीन र समयानुकूल विकसित, परिमार्जित र परिष्कृत हुन नसकिरहेका पत्रपत्रिका र अझ साप्ताहिक अखबारको त झन् अभाव छँदै छैन। तर, यस पत्रिकाले अठ्ठाईस वर्षसम्म जे-जस्ता मूल्य-मान्यता, विचार-दृष्टिकोण र वर्गपक्षधरता बोक्दै आयो, ती चिजहरूको निरन्तरता र मूल्य भने किमार्थ घटेको छैन र घट्दा पनि घट्दैन। अतः तिनै मूल्य, दर्शन र वर्गलाई बोकेर जनजिब्रोको आगामी यात्रा पनि निरन्तर अघि बढिरहने प्रतिबद्धता दोहोऱ्याउन चाहन्छौं।

स्वतःसिद्ध छ कि वर्गविभाजित समाजमा कसैलाई मन पर्ने कुरा कसैलाई मन पर्दैन र कसैको हितमा हुने कुरा फेरि अर्को कसैका निम्ति अहितकर हुन पुग्दछ। हामीले बहुसङ्ख्यक शोषित-उत्पीडित वर्गको आवाज बुलन्द पार्दा विपरीत वर्गका शोषक, सामन्त, सम्भ्रान्त र पीडकहरूलाई बुझाउँदछ। उत्पीडित वर्गलाई नराम्ररी घोच्न सक्नु र पीडित वर्गलाई मल्हमपट्टी लगाउन सक्नु नै जनजिब्रो यात्राको सार्थकता हो; सफलता हो। र, यही मूल्यमा निरन्तर अडिग रहिरहने प्रतिबद्धता नै हाम्रो अहिलेको पनि शाश्वत प्रतिबद्धता हो।

## ... आमा- ७

तर अब यस प्रयासमा एकबद्ध शक्ति, सामुहिक आस्था अनुभव हुँदैनथ्यो। अब उनीहरूको स्वरमा आतंकको प्रतिध्वनि सुनिन्थ्यो।

आमा जुलुसको अघिल्लो भाग देख्दैनथिन् र उनलाई थाहा थिएन अगाडि के हुँदैछ, त्यसैले उनी भीडलाई घचेट्दै अगाडि बढ्न थालिन्। अगाडि बढ्दा उनी पछाडि हट्न थालेका मान्छेहरूसँग बारम्बार टकराउँथिन्। कोही निधार खुम्च्याएर, टाउको झुकाउँदै गैरहेका थिए त कोही लज्जित भएर मुस्कुराउँदै थिए। कोही त्यस्ता पनि थिए जो व्यङ्ग्यपूर्वक सिटी बजाउँदै थिए। आमाले ध्यानपूर्वक उनीहरूको अनुहारमा हेरिन्, उनका आँखामा जिज्ञासा, निवेदन, विनय सब कुरा थियो।

"साथीहरू।"- पाभेलको स्वर सुनियो। "सिपाहीहरू पनि हामीजस्तै मान्छे हुन्। उनीहरूले हामीमाथि हात उठाउने छैनन्। किन हात उठाउने र? मात्र यस निमित्त कि हामी त्यो सच्चाइ लिएर जाँदैछौं जसबारे सबैले थाहा पाउनुपर्छ? उनीहरूलाई पनि यही सच्चाइ आवश्यक छ। उनीहरूले अझ यो कुरा बुझिसकेका छैनन् तर त्यो समय छिटै आउनेछ जब उनीहरू पनि हामीसँगै एउटै पंक्तिमा खडा हुनेछन्, जब हत्या र लुटको झण्डामुनि हाम्रो विरोध गर्नुको सट्टा स्वतन्त्रताको झण्डामुनि हामीसँग काँधमा काँध मिलाएर अगाडि बढ्नेछन्। उनीहरूले यो सच्चाइ सकेसम्म छिटो बुझुन् भन्नाखातिर हामीले निरन्तर अगाडि बढ्नुपर्छ। अगाडि बढ्नोस्, साथीहरू। एक पाइलो पनि पछाडि नहट्नोस्।"

पाभेलको स्वर दृढ थियो, उसका शब्दहरू उत्साहले भरिएको थिए, स्वर स्पष्ट थियो। तैपनि भीड तितरवितर हुँदै थियो, मान्छेहरू एकएक गरेर जुलुसबाट निस्कँदै थिए, कोही नजीकैका घरभित्र पस्दै थिए त कोही पर्खालनेर उभिँदै थिए। जुलुस अब अघिल्तिर पातलो र पछाडितिर चौडा हुँदै गैरहेको थियो, सबैभन्दा अगाडि पाभेल थियो, जसको टाउकोमाथि रातो झण्डा फरफराइरहेको थियो। त्यो जुलुस पखेटा फैलाएर उड्न तयार भएको कुनै कालो चराजस्तो देखिन्थ्यो जसको टाउकोमा पाभेल उभिएको थियो।

आमाले देखिन्- मानिसहरू सडकको अन्त्यमा मैदानतिर जाने बाटो छेकेर उभिएका थिए। उनीहरू कुनै खैरो पर्खालझैं अनुहारहीन र एकनासका देखिन्थे। प्रत्येक व्यक्तिको काँधमा बन्दुकको तीक्ष्ण एवम् क्रुद्ध संगीन टल्किरहेको थियो। यस मौन तथा निश्चल पर्खालतिरबाट चिसो बतास मजदूरहरूतिर चलिरहेको थियो, जुन बतास त्यहाँबाट आमाको छातीमा टक्कर खाँदै उनको मुटुसम्म पुग्दथ्यो।

आमा त्यस भीडलाई चिर्दै त्यतातिर अघि बढिन्, जहाँ झण्डाको सामुन्ने उभिएका उनका परिचित व्यक्तिहरू, अन्य अपरिचित व्यक्तिहरू यसरी एकाकार भएका थिए, मानौं उनहिरू एक अर्काको आड लिइरहेका थिए उनी एकजना दाह्री खौरिएको अग्लो मानिससँग टाँसिएर उभिन पुगिन्। त्यो मानिस डेढो थियो र उसले उनीतिर हेर्नको लागि आफ्नो टाउको फर्कायो।

"के भयो ? को हौ तिमी ...?"- उसले सोध्यो

"म पाभेल भ्यासोभकी आमा हुँ।"- आमाले जवाफ दिइन्। आमालाई थाहा थियो- उनका खुट्टा काँप्दैछन् र जति कोशिश गरे पनि उनको तल्लो ओठ फड्फडाउँछ।

"ए।"- डेढेले भन्यो।

"साथीहरू।"- पाभेलले भन्दै थियो - "हामीले मृत्युपर्यन्त अगाडि बढ्नुपर्छ। हाम्रो लागि अर्को बाटो छैन।"

मान्छेहरू शान्त हुन थाले, उनीहरूका उत्सुकता बढ्न थाल्यो। झण्डा माथि उठ्यो। एकछिन हल्लियो, मान्छेहरूको टाउको माथि फरफराइरहेको त्यो झण्डा खैरो पर्खाल जस्तो निश्चल भएर उभिएका सिपाहीहरूतिर बिस्तारै बढ्न थाल्यो। आमा काँपिन् र लामो सास फेर्दै उनले आँखा बन्द गरिन्। चारजना मान्छे- पाभेल, आन्द्रेइ, सामोइलोभ र माजिन भीडबाट छुट्टिएर अगाडि बढ्न थाले।

फ्योदर माजिनको स्पष्ट स्वर हावामा गुञ्जियो :

"तिम्रो यो कस्तो बलिदान महान्...।"

अझ मन्द स्वरमा एक गहिरो सुस्केरा जस्तो गीतको अर्को हरफ सुनियो -

"संघर्ष यो हाम्रो महान-
कुनै उज्ज्वल बाटो
देउ अब आफ्नो ज्यान...।"

कुनै उज्ज्वल बाटो खोल्दै फ्योदरको आवाज गुञ्जिरहेको थियो, उसको स्वरमा गहिरो विश्वास थियो र ऊ आफ्नो विश्वास घोषणा गर्दै थियो :

"जे छ, हामीले सब लुटायौं...।"

साथीहरूले अर्को पंक्ति दोहऱ्याए :

"स्वाधीनताको लागि चुकायौं..।"

"हँ, हँ।"- कसैले ताना कस्यो - "गधाका बच्चाहरू, त्यसो भए अन्त्येष्टि गीत गाउन थालेछन्...।"

"गोद यसलाई।"- कसैको क्रुद्ध स्वर सुनियो।

आमाले छातीमा हात राखेर चारैतिर हेरिन्। उनले देखिन् सडकमा खचाखच भरिएको त्यो भीड अहिले झण्डा लिएर अगाडि बढिरहेका ती चार व्यक्तिलाई हेर्दै थिए र आफैं अगाडि बढ्न हिचकिचाउँदै थिए। केही दर्जन व्यक्तिहरू मात्र उनीहरूको साथ लागे र उनीहरूमध्ये पनि प्रत्येक पाइलोमा कोही न कोही सडकको छेउ-छेउतिर हटेर जान्थ्यो, मानौं सडकमा तातो कोइला बिछ्याइएको छ, जसले उनीहरूको पाइला पोल्दैछ।

"अत्याचारी शासन नाश हुँदैछ...।"

फ्योदोर गाउँदै थियो।

"जनता हाम्रो बिउँझदैछ।"

उसका साथीहरूको चेतावनीपूर्ण दृढ स्वर सुनियो।

तर गानाको साथ केही मानिसहरू भयभीत भएर कानेखुशी गर्दै थिए।

"अर्डर दिँदैछ हो...।"

उनीहरूको त्रास ठीकै ठहरियो, अगाडिबाट एक कर्कश स्वर सुनियोः

"बन्दुक तेर्स्याओ।"

इस्पातका संगिनहरू अगाडि बढ्न थालेको झण्डातिर फर्किए, ती संगिनहरू झन्डाहरूतिर हेरेर तिरस्कारपूर्व मुस्कुराउँदैछन् जस्तो लाग्थ्यो।

"अगाडि बढ।"

"ल अब अगाडि बढ्न थाले।"- डेढेले भन्यो। उसले आफ्ना दुवै हात खल्तीमा घुसाऱ्यो र एकातिर लाग्यो।

आमा एकटकले हेर्दै थिइन्। सिपाहीहरू पूरा सडक घेरेर अगाडि बढ्दै थिए, यस्तो लाग्दै थियो, मानौं कुनै खैरो लहर उठ्दैछ, क्रुरतापूर्ण निश्चयसाथ अगाडि बढ्दैछ र त्यस लहरको टुप्पोमा सेता संगिनहरू चम्किदैछन्। आमा हतपत छोराको नजीक पुगिन् र उनले देखिन्, आन्द्रेइ आफ्नो अग्लो चौडा शरीरको आडमा पाभेललाई लुकाउन अगाडि आउँदैछ।

"कमरेड, आफ्नो ठाउँमा फर्क।"- पाभेलले चर्को स्वरमा भन्यो।

आन्द्रेइ गाउँदै थियो, उसले दुवै हात पछिल्तिर फर्काएको थियो र टाउको ठाडो पारेको थियो। पाभेलले उसलाई आफ्नो काँधले घचेट्दै फेरि एकपल्ट जोडले चिल्लायो -

"पछाडि हट। तिमीलाई यस्तो गर्ने कुनै अधिकार छैन। झण्डा सबैभन्दा अगाडि रहनुपर्छ।"

"हट् यहाँबाट।"- एकजना होचो दुब्लो पातलो अफिसरले तरबार चम्काउँदै अर्डर गऱ्यो। ऊ आफ्नो खुट्टा तन्काएर अगाडि बढ्दै थियो र जोड जोडले टेक्दै थियो। आमाको दृष्टि उसका चम्किला फौजी बुटमाथि पऱ्यो।

उसको अलि पछाडि एकजना अग्लो मान्छे हिंड्दै थियो, उसले दाह्री खौरेको थियो र बाक्लो सेतो जुँगा पालेको थियो। उसले लामो खैरो रङको ओभरकोट लगाएको थियो र पाइन्टको दुवैतिर पहेंला धर्का थिए। उक्राइनी जस्तै ऊ पनि आफ्नो हात पछाडि राखेर हिंड्दै थियो, ऊ एकटकले पाभेललाई हेर्दै थियो र उसका आँखीभौं तन्किएका थिए।

आमा सब कुरा देख्दै थिइन्। उनको हृदयमा एक भीषण तथा निश्चल चित्कार लुकेको थियो, जुन प्रत्येक सुस्केराबाट बाहिर निस्किएर स्वतन्त्र हुन चाहन्थ्यो। त्यस चित्कारले उनलाई अँठ्याइरहेको थियो। तर उनी दुवै हातले आफ्नो छाती अँचेट्दै त्यसलाई रोक्ने प्रयास गर्दै थिइन्। मानिसहरू उनलाई घचेट्दै थिए र उनी लड्खडाउँदै, विना सोचबुझ, प्रायः चेतना विहीन जस्तै भएर अगाडि बढ्दै थिइन्। उनलाई लाग्दै थियो, जति जति त्यो क्रुर लहर अगाडि बढ्दैछ, त्यति-त्यति पछाडिको भीड पनि छाँटिदैछ।

रातो झन्डा समातेका मान्छेहरू र खैरो वर्दी लगाएका सिपाहीहरूको त्यस लहर बीचको दूरी घट्दै थियो। अब आमा सिपाहीहरूको सामूहिक आकृति स्पष्ट देख्दै थिइन्- एक विकृत अनुहारलाई ठोकठाक पारेर एक घीनलाग्दो मैलो रङको पंक्तिको रूप दिइएको थियो, जुन सडकको वारपार फैलिएको थियो र जसमाथि विभिन्न रङका आँखाहरू परेका थिए। यस पंक्तिको अगाडि अगाडि संगिनहरूका क्रूर चुच्चाहरू चम्कँदै थिए र जुलुसमा आइरहेका मान्छेहरूका छातीहरूलाई आफ्नो निशाना बनाउँदै थिए। भीडलाई नछोइकनै स्पातका यी संगिनहरू एक एक गरेर उनीहरूलाई हटाउँदै थिए। भीड घट्दै थियो, छाँटिदै थियो।

आमाले पछाडिबाट भाग्न थालेका मान्छेहरूको पदचाप सुनिन्, मानिसहरू उत्तेजित स्वरमा चिल्लाउँदै थिए -

"भाग, भाग...।"

"भ्लासोभ भाग...।"

"पाभेल, पछाडि हट।"

"पाभेल, झन्डा फाल।"- भेसोभबिकोभले गम्भीर स्वरमा भन्यो - "ल्याऊ मलाई देऊ। म लुकाउँछु।"

उसले अगाडि बढेर झन्डाको लठ्ठी समायो र झन्डा पछाडितिर झुक्यो।

"छोड।"- पाभेलले चिल्लाउँदै भन्यो।

निकोलाइले यसरी हात पछाडि तान्यो, मानौं उसले अगुल्टो समाएछ। गीत बन्द भयो। मानिसहरू थामिए र पाभेलको वरिपरि एउटा जब्बरको घेरा बनाएर उभिए। तर उनीहरू थामिएनन्, अगाडि बढ्दै गरे। अचानक, एकैचोटि वातावरणमा पूर्ण निस्तब्धता फैलियो, मानौं एक अदृश्य बादल आकाशबाट झऱ्यो र सबैलाई छोपिदियो।

करीब बीस जवान मान्छे झन्डा वरिपरि उभिएका थिए, शायद नै बीस भन्दा बढी थिए, तर उनीहरू अडिग भएर उभिएका थिए। उनीहरूलाई केही भन्ने आफ्नो अस्पष्ट इच्छा र आफ्नो चिन्ताले गर्दा आमा निरन्तर उनीहरूतिर बढ्दै थिइन्...।

"ए लफ्टन, खोस उनीहरूसँग त्यो कुरा।"- अग्लो बूढो मान्छेले झन्डातिर देखाउँदै भन्यो।

त्यो होचो अफिसर पाभेलतिर झम्टियो र झन्डा समात्यो।

"छोड।"- उसले चिल्लाउँदै भन्यो।

"हटा आफ्नो हात।"- पाभेलले ठूलो स्वरमा भन्यो।

त्यो रातो झन्डा हावामा डगमगायो, पहिले दाहिनेतिर झुक्यो, अनि देब्रेतिर, फेरि सीधा खडा भयो। त्यो होचो अफिसर पछाडि हुत्तियो र जमिनमा लड्यो। मुक्का हल्लाउँदै अघि बढिरहेको निकोलाइ आमाको छेउमा देखापऱ्यो।

"गिरफ्तार गर सबलाई।"- बूढो खुट्टा बजार्दै चिल्लाइरहेको थियो।

केही सिपाहीहरू अगाडि बढे। एक जना सिपाहीले आफ्नो बन्दुकको फेद घुमाउन थाल्यो। झण्डा काँप्यो र अगाडितिर खस्यो, अनि सिपाहीहरूको खैरो रङमा बिलायो।

"हे भगवान्।"- कसैको करुण क्रन्दन सुनियो।

आमा एक घायल जनावरजस्तो चिच्च्याइन्। यस चिच्च्याहटको उत्तरमा सिपाहीहरूको बीचबाट पाभेलको स्पष्ट स्वर सुनियो :

"बिदा आमा, मेरी प्यारी आमा, बिदा...।"

आमाको दिमागमा एउटै बिचार थियोः 'ऊ जिउँदो छ। मलाई बिर्सेनछ।"

"बिदा आमा।"- उक्राइनीको स्वर सुनियो।

उनीहरूलाई एकपल्ट मात्र भए पनि हेर्न उनी खुट्टाको औंलाले टेकेर उभिइन्। सिपाहीहरूको टाउको माथि आन्द्रेइको अनुहार देखा पऱ्यो। ऊ मुस्कुराउँदै थियो र टाउको झुकाएर आमाको अभिवादन गर्दै थियो।

"मेरा बच्चाहरू।... आन्द्रेइ।..."- आमाले चिल्लाउँदै भनिन्।

"बिदा, साथीहरू।"- उनीहरूले सिपाहीहरूको बीचबाट चिच्च्याउँदै भने।

एक छिन्नभिन्न प्रतिध्वनिले, जसमा कतिपय स्वरहरू सम्मिलित थिए, यसको उत्तर दियो। यो प्रतिध्वनि झ्यालहरूबाट, कतै माथिबाट, हुन सक्छ छानाबाट आउँदै थियो।

कसैले आमालाई छातीमा हिर्कायो। उनका धमिला आँखा अगाडि एक होचो अफिसरको रिसले चुरमुरिएको रातो अनुहार देखा पऱ्यो।

"ए, बुढिया, हट यहाँबाट।"- उसले चिच्च्याउँदै भन्यो।

आमाले उसलाई सरसर्ती हेरिन्। आमाले देखिन् उसको खुट्टानेर झन्डाको लठ्ठी दुई टुक्रा पारेर फ्याँकिएको थियो, लठ्ठीको एकातिर अझै पनि एक टुक्रा रातो कपडा झुन्डिएको थियो। आमा निहुरिन् र त्यो झन्डा टिपिन्। अफिसरले उनको हातबाट त्यो झन्डा खोस्दै उनलाई एकातिर घचेटिदियो।

"सुन्दैनस्, हट् यहाँबाट।"- अफिसर खुट्टा बजार्दै चिच्च्यायो।

सिपाहीहरूको घेराभित्रबाट गीतको आवाज सुनियो -

"जाग लौ उठ ए मजदूरगण।"

आमाका आँखा अगाडि सब कुरा घुम्दै थिए, हल्लँदै थिए, काँप्दै थिए। वातावरणमा एक डरलाग्दो कोलाहल फैलिएको थियो, यो कोलाहल आकाशवाणीमा सुनिने हल्लाजस्तै थियो। अफिसर हाम्फाल्दै अगाडि बढ्यो।

"बन्द गर यो गाना।"- ऊ रोषपूर्वक चिल्लाउन थाल्यो - "हवल्दार क्राइनोभ...।"

आमा ढल्मलाउँदै त्यहाँ पुगिन्, जहाँ त्यो लठ्ठीको टुक्रा फालिएको थियो र त्यो झन्डा फेरि टिपिन्।

"बन्द गर यिनीहरूको मुख ...।"

गानाको स्वर सानो हुन थाल्यो र काँप्दै बन्द भयो। कसैले आमाको काँधमा हात राख्यो र उनलाई पछाडितिर घुमाउँदै एक धक्का दियो...।

"हट, जा यहाँबाट...।"

"हट बाटोबाट।"- अफिसर चिल्लायो।

आमाले अलि टाढा अर्को भीड देखिन्। उनीहरू बिस्तारै सडकबाट हट्दै थिए र चिच्च्याउँदै, गाली गर्दै सिटी बजाउँदै घरभित्र पस्दै थिए।

"हट यहाँबाट, शैतान।"- एक युवा सिपाहीले आमाको कानैनेर चिल्लाउँदै भन्यो र उनलाई पेटीतिर धकेलिदियो। आमा झन्डा बाँधिएको लठ्ठी टेक्दै त्यहाँबाट हिंडिन्, उनी अब बिलकुल शक्तिहीन भैसकेकी थिइन्। उनी अर्को हातले घरको भित्ता र पर्खालहरूको सहारा लिँदै गैरहेकी थिइन्। मानिसहरू उनीबाट टाढा हट्थे, उनीसँग र उनको पछाडि पछाडि हिंडिरहेका केही सिपाहीहरू चिच्च्याउँदै थिए -

"हट यहाँबाट।"

सिपाहीहरूले उनलाई उछिने। सिपाहीहरू अगाडि परेपछि आमा थामिइन् र चारैतिर हेरिन्। जतातत्तै सिपाहीहरू थिए, सडकको अन्त्यमा मैदानबाट निस्कने बाटो बन्द गरेर सिपाहीहरू उभिएका थिए। मैदान खालि भैसकेको थियो। अघिल्तिर पनि सिपाहीहरू नै थिए। उनीहरू बिस्तारै भीडतिर बढ्दै थिए...।

उनी फर्कन चाहिन् तर किन हो फेरि अगाडि बढिन् र सडकको मोडमा पुगेपछि एउटा शून्य, साँघुरो गल्लीतिर लागिन्।

क्रमशः चौथो पृष्ठमा

# हराउँदै साउन १ को 'लुतो फाल्ने' संस्कृति

**काठमाडौं ।** पछिल्लो समय साउनेसंक्रान्तिमा 'लुतो फाल्ने' नेपाली संस्कृति हराउँदै जान थालेको छ। बिहानदेखि साँझसम्म चेलिबेटी बोलाउने र आफन्त जम्मा भएर मिठामिठा परिकार खाने, दुःख, सुख साटासाट गर्ने र साँझ घरघरमा लुतो फाल्ने प्रचलन हिजोआज हराउँदै गएको छ।

बजार क्षेत्रमा प्रचलन हराइसके पनि गाउँघरमा भने अहिले पनि साँझ लुतो फाल्ने गरिन्छ। युवामा पुस्ता हस्तान्तरण हुन नसक्दा यो संस्कृति हराउँदै गएक भन्दै बुढापाका चिन्तित बनेका छन्। सानैदेखि कला, संस्कृति तथा परम्परा सिकेको बुढापाकाहरू अहिलेका पुसताले कुनै पनि परम्परा संरक्षणमा चासो नदिँदा यस्ता संस्कृति र चलन हराउँदै गएको देखिन्छ।

विगतमा साउन १ गते अर्थात् संक्रान्तिको साँझ कुरिलो, लुतेझार, पानीसरो, कागभलायो, कुकुरडाइनो, रातपातेलगायत औषधीय गुण बोकेका वनस्पतिका र कागती, अमिलो बेलौतीलगायतका फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फाल्ने गरिए पनि अहिले त्यस्तो गर्न छोडिएको बुढापाका बताउँछन्।

लुतो फ्याँक्दा नाङ्लो ठटाउने, डम्फू बजाउने, घण्ट बजाउने, ढिँकी कुट्ने र एकछिन घरको ढोका बन्द गर्ने चलन रहेकोमा पछिल्लो समयमा लुतो फाल्ने चलन निकै कम भएको बुढापाका बताउँछन्।

तुलो फाल्दा रोगव्याधी नलाग्ने, बालीनाली राम्रो हुने र पशुचौपायालाई राम्रो हुने मान्यता रहेको छ। लुतो फाल्दा दुःख, कष्ट आइ नलाग्ने, बालीनाली र वस्तुभाउलाई राम्रो हुने जनविश्वासअनुसार पहिले-पहिले साउने संक्रान्तिमा भव्य रूपमा मनाउने गरिन्थ्यो, अहिले त्यो चलन निकै कम भएको छ। दिनभरी जंगल र बारीमा डुलेर कुरिलो, लुतेझार, काँडा जम्मा गर्ने, साँझ आँगनमा ठूलो आगो बालेर दनदनी बलिरहेको अगुल्टोलाई घर वरपर घुमाएर मकैबारीमा फाल्ने गरिन्थ्यो।

विगत बाउबाजेले चलाउँदै आएको लुतो फाल्ने प्रचलनलाई नयाँ पुस्ताले चासो नदिँदा विस्तारै हराउँदै जान थालेकामा बुढापाका चिन्ता व्यक्त गर्दछन्।

# दुई दशक बित्यो, भएन पुनर्स्थापना

**काठमाडौं ।** पश्चिम तराईका कमैया र मधेसका हरवाचरवा मुक्त भएको दुई दसकभन्दा बढी बितिसक्दा पनि पुनर्स्थापना पुनर्स्थापनाको काम नभएको बताएका छन्। उतिबेला विसं २०५७ साउन २ गते पश्चिम तराईका कमैया र विसं २०७९ साउन २ गते मधेसका हरवाचरवा मुक्तिको घोषणा गरिएको २३ वर्ष बित्दा पनि आफूहरूले पूर्णरूपमा पुनर्स्थापना हुन नपाएको उनीहरूको गुनासो सुनिँदै आएको छ।

कमैया प्रथाको उन्मूलनपछि दुई दसक बितिसक्दा पनि पुनर्स्थापन हुन नपाउँदा दुई हजार तीन सय कमैयाले कष्टपूर्ण जीवनयापन गर्न बाध्य बनिरहेका कमैया प्रथा उन्मूलन आन्दोलनका अगुवा पशुपति चौधरीले बताए। सरकारले सबै कमैयाको पुनर्स्थापना गरिसकेको दाबी गरे पनि पश्चिम नेपालका पाँच जिल्लामा दुई हजार तीन सयभन्दा बढी परिवार अलपत्रे रहेको चौधरीले बताए।

तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद ओली नेतृत्वको सरकारले विसं २०७५ मा कमैयाहरूको पुनर्स्थापनाको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरे पनि त्यसअनुरूप काम नभएको उनको गुनासो छ। सरकारले पुर्स्थापनाको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरणदेखि नै काम ठप्प रहेकोले मुक्त कमैयाको जीवन लागि जोखिमपूर्ण काम गर्न बाध्य भएको पनि चौधरीले बताए।

साउन २ गते कमैया मुक्त घोषणा भएको खुशीलाई सम्झँदै गर्दा न्यायोचित व्यवस्थापन हुन नपाउँदाको कष्टपूर्ण अनिश्चितताले पनि कमैया, कम्लहरी, हलिया र हरवाचरवा आफूलाई उतिकै सताइरहेको उनीहरू बताउँछन्।

तत्कालीन सरकारले वर्षौंसम्म जमिनदारको घरमा बँधुवा मजदुरका रूपमा काम गर्दै आएका पश्चिम तराईका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका ३२ हजार ५ सय कमैयालाई मुक्त घोषणा गरेको थियो।

# अधिकमासभर मच्छेनारायण मन्दिरमा भक्तजनको भीड

**काठमाडौं ।** अधिकमास अर्थात मलमासको अवधिभर मच्छेनारायण मन्दिरमा लाखौं भक्तजन भिड लाग्ने भएको छ। सुनको जलप लगाएको गरुडको कलात्मक प्रवेशद्वार रहेको मच्छेनारायण मन्दिरमा चार हातमा शंख, चक्र, गधा र पद्म लिएको र माछाको मुखबाट प्रकट भएको एक फिट अग्लो नारायणको मूर्तिको दर्शन गर्न सकिन्छ। भगवान श्री हरी विष्णुले दश अवतार लिँदा सबभन्दा पहिले मत्स्य शरीर धारण गरेको अर्थात मत्स्यरूपी भगवानले प्रलयकालमा समुद्रमा डुंगाको काम गरी वेदलाई सुरक्षा गरेको पनि धार्मिकग्रन्थहरूमा उल्लेख गरिएको छ।

ज्योतिषीय गणनाअनुसार मंगलबारदेखि प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात अधिकमास सुरु भएको छ। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले साउन ३१ गतेसम्म अधिकमास रहने नेपाल बताएको हो। ज्योतिषीय गणनाअनुसार वर्ष अर्थात तीन सय ६५ दिनमा सौर र चान्द्रमास दुवैलाई समन्वय गर्दा ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ। विभिन्न शास्त्रीय ग्रन्थमा एउटै महिनामा दुईटा औंसी पर्‍यो भने त्यस महिनालाई अधिकमास भन्ने गरेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेल बताए।

यस्तै चान्द्र मासमा दुईवटा संक्रान्ति पर्‍यो भने क्षयमास भनिन्छ। ज्योतिषका विद्वान भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासका बारेमा वर्णन गर्दै संक्रान्ति नभएको महिना अधिमास तथा दुइटा संक्रान्ति भएको महिना क्षयमास हुने उल्लेख गरेका छन्।

धर्मशास्त्रविद एवं समितिका सदस्य प्राडा देवमणि भट्टराईले अधिकमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान र नित्य व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको बताए। अधिकमासभर महादान, मांगलिक कार्यहरू विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेशजस्ता कर्म गर्नु नहुने उनले बताए। यस समयमा गर्भाधान गर्नु नहुने पनि धर्मशास्त्रविदले बताएका छन्। नवविवाहित पति पत्नीले अधिकमास छल्नुपर्छ भन्ने परम्परा समेत रहेको छ। बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म अधिकमासमा पनि गर्न नहुने भट्टराईले बताए।

अधिकमासका समयमा मच्छेनारायणलगायत नारायण मन्दिरमा मेला लाग्ने गर्दछ। यस अवधिभर दर्शनका लागि मच्छेनारायणमा टाढाटाढाबाट लाखौं भक्तजन आउने गर्दछन्। यो महिना भगवान नारायणको पूजाआराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त हुने पनि धर्मग्रन्थमा उल्लेख गरिएको छ।

# वर्षभर खाने धान सुक्दा बाँकेका किसान निराश

**अखिल नेपाल किसान महासंघ बाँकेका अध्यक्ष कृष्णवित्रलम केसीका अनुसार पछिल्ला वर्ष बाँकेका किसान समयमा पानी नपर्दा उत्पादन घट्ने, पानी परेर समयमै रोपे पनि पछि बाढीले क्षति पुऱ्याउने, मल अभाव लगायतका समस्यामा पर्दै आएको छ।**

**काठमाडौं ।** पर्याप्त वर्षा नहुँदा बल्लतल्ल रोपाइँसम्म गरेका बाँकेका किसान यतिबेला धान खेतमै सुक्न थालेपनि निराश बनिरहेका छन्। मोटरबाट पानी तानेर रोपाइँ गरेका किसान अझै पानी नपरेपछि धानका बोट बचाउने गाह्रो हुन थालेपछि चिन्तित बनेका हुन्।

'वर्षभरी खाने धान सुक्दै जाँदा मनमा चिन्ता बढ्दै गएको छ' जिल्लास्थित जानकी गाउँपालिका-१ जोगागाउँकी किसान सरिता जोशीले भनिन्। जोशीले खडेरीले गाउँका किसानको रोपेको धान खेतमै सुकेको र रोप्ने तयारी भएको बीउ ब्याडमै सुक्न थालेको बताइन्।

वर्षा नहुँदा धान खेत चिरा पर्न थालेपछि किसान चिन्तित भएका हुन्। बाँकेमा दुई सातादेखि पानी पर्न सकेको छैन। खडेरीले बाँकेको कृषिमा नराम्रो असर पर्दै गएको कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख शकिल अहमदले जानकारी दिए।

यस वर्ष पर्याप्त वर्षा नभएपछि बाँकेमा यतिबेला सबैतिर रोपाइँ हुन नसकेको बताए। हालसम्म ७० प्रतिशत रोपाइँ सकिएको बाँकेमा सिक्टा सिँचाइको नहर भएको क्षेत्र तथा कृषि ज्ञान केन्द्रको अनुदानबाट सिँचाइ भएको क्षेत्रमा मात्रै रोपाइँ गरिएको हो। अधिकांश ठाउँमा आकाशे वर्षाकै भरमा रोपाइँ गर्नुपर्ने बाँके जिल्लामा सबैभन्दा बढी बैजनाथ, डुडुवा, खजुरा र राप्तीसोनारी गाउँपालिकामा रोपाइँ भएको तथा सबैभन्दा कम नरैनापुर गाउँपालिकामा रोपाइँ भएको छ।

अखिल नेपाल किसान महासंघ बाँकेका अध्यक्ष कृष्णवित्रलम केसीका अनुसार पछिल्ला वर्ष बाँकेका किसान समयमा पानी नपर्दा उत्पादन घट्ने, पानी परेर समयमै रोपे पनि पछि बाढीले क्षति पुऱ्याउने, मल अभाव लगायतका समस्यामा पर्दै आएको छ। सिक्टा सिँचाइ आयोजनाले पश्चिमी र पूर्वी मूल नहरमा पानी छाडेकाले कोहलपुर नगरपालिका, बैजनाथ, खजुरा र राप्ती सोनारी गाउँपालिकाका केही भेगका किसानले खेतमा सिँचाइ गर्न पाएको केसीले भने।



# ... आमा– ७

उनी फेरि थामिइन्, लामो सास फेर्दै ध्यान दिएर सुन्न थालिन् । अगाडि कतैबाट मान्छेहरूले हल्ला गरेको आवाज आउँदै थियो ।

उनी फेरि लट्ठी टेक्दै अगाडि बढिन् । उनका आँखीभौं फडफडाउँदै थिए, उनी पसीनाले निथ्रुक्क भइन् । उनी कहिले ओठ चलाउँथिन् त कहिले हात हल्लाउँथिन्, उनको दिमागमा अस्पष्ट शब्दहरू चिनागारी जस्तो चम्कँदै थिए, यी चिनागारीहरूले बढ्दै एक ज्वालाको रूप लिँदै थिए, उनलाई यी शब्दहरू प्रकट गर्ने इच्छा भयो, जोडतोडले चिच्च्याउँदै आफ्नो मुटुमा गुम्सिएका बिचारहरू भन्ने इच्छा भयो ।

त्यो गल्ली अचानक देब्रेतिर मोडियो । आमाले मोडनेर थुप्रै मान्छेहरू भेला भएका देखिन् ।

"भाइ, कसैले पनि बन्दुकसँग भिड्ने आँट गर्न सक्दैन, यो कुनै ठट्टा होइन ।"- कसैले ठूलठूलो स्वरले बोलेको आवाज सुनियो ।

"अगाडि कहिल्यै देखेका थियौ यस्तो कुरा ? कसरी उनीहरू संगिन अगाडि छाती फर्काएर उभिएका थिए ? चट्टानजस्ता... कस्ता निडरहरू त हैं... ।"

"अब पो बुझियो, कस्तो रहेछ त यो पाभेल भ्लासोभ... ।"

"अनि उक्राइनी नि ?"

"हात पछाडि फर्काएर मुस्कुराउँदै गैरहेको थियो, कस्तो मान्छे त हैं ?"

"बाबु हो ।"- आमा चिल्लाउँदै भीडभित्र पसिन् । उनीहरूले आदरपूर्वक उनको लागि बाटो छोडे । कसैले हाँस्दै भन्यो -

"हेर न, झन्डा बोकेर आउँदैछे, उनको हातमा झन्डा छ ।"

"चूप लाग ।"- कसैले कडा स्वरमा भन्यो ।

आमा दुवै हात फैलाएर बोल्न थालिन् -

"सुनोस्, भगवानको लागि मेरो कुरा सुनिदिनोस् । तपाईंहरू सबै असल मान्छे हुनुहुन्छ, मलाई तपाईंहरू सबैको माया लाग्छ..... आज जे जति घटनाहरू घटे त्यसबाट नतर्सनुहोला । सबैको लागि, इन्साफको लागि हाम्रा छोराहरू, हाम्रा हृदयका टुक्राहरू मैदानमा उत्रेका थिए । उनीहरूले हामी सबैको जीवन सुखी बनाउन, हाम्रा बालबच्चाहरूको जीवन सुखी बनाउन यो झन्डा उठाएका हुन् । उनीहरू एक नयाँ जीवन चाहन्छन्- सत्य र न्यायको जीवन... उनीहरू सबैको भलाइ चाहन्छन् ।"

आमालाई मुटु फुट्लाजस्तो लाग्यो, उनको घाँटी सुक्दै थियो, हृदयको गहिराइबाट महान् शब्दहरू निस्कँदै थिए- त्यस्ता शब्दहरू, जसले सबैसँग प्रेम गर्न सिकाउँथे, जसले चिनगारीले जस्तो उनको जिब्रो डढाउँदै थिए र उनलाई जोश तथा उत्साहसहित बोल्न वाध्य गर्दै थिए ।

आमाले देखिन्, सबै चूपचाप उनको कुरा सुन्दैछन्स उनी अनुभव गर्दै थिइन्, अहिले उनलाई वरिपरि घेरेर उभिएका यी मान्छेहरूले सोच्न थालेका छन् र यी मानिसहरूलाई आफ्नो छोराको, आन्द्रेइको, ती सबैको पछाडि लाग्न आग्रह गर्ने तीव्र इच्छा पैदा भयो, जसलाई उनीहरूले भर्खरै मात्र, सिपाहीहरूको हातमा छोडिदिएका थिए, आफ्नै भाग्यको भरमा छोडिदिएका थिए ।

चारैतिर उभिएका मानिसहरूको उदास, गम्भीर अनुहारहरूमा हेर्दै आमाले कोमल तर दृढ स्वरमा भनिन् -

"आज हाम्रो छोराहरू संघर्षको मैदानमा उत्रेका छन्, सबैको सुखको लागि, त्यही सत्यको लागि जसको लागि ईसामसीहले आफ्नो जीवन बलिदान गर्नुभएको थियो । उनीहरू संघर्षको मैदानमा उत्रेका छन्, ती सब कुराहरूको विरुद्ध, जसलाई पापीहरूले, फटाहा र लोभी मान्छेहरूले हामीलाई वशमा राख्नको लागि, हाम्रो मुखमा बुजो लाउनको लागि, हामीलाई थिच्न र मिच्नको लागि प्रयोग गर्दै छन् । भाइहरू, यिनी नवयुवकहरू हामी सबैको लागि, समस्त दुनियाँको लागि, संसारभरिका मजदूरहरूको लागि कम्मर कसेर मैदानमा उत्रेका छन् ।... उनीहरूलाई एक्लै नछोड्नोस्, उनीहरूबाट मुख नफर्काउनोस्, आफ्ना छोराछोरीहरूलाई एक्लै अगाडि बढ्न वाध्य नतुल्याउनोस् । आफ्नो अवस्थामाथि बिचार गर्नोस्... आफ्ना केटाकेटीहरूको साहसबारे बिचार गर्नोस्, जसले सत्यको उद्घोषण गरेका छन् र त्यही सत्यको लागि कठिनाइ सहँदैछन् । उनीहरूमाथि विश्वास गर्नोस् ।"

आमाको घाँटी अँठियो, उनी लडखडाइन्, निशक्त भएर लोट्न लागेकी आमालाई कसैले हात फैलाएर सहारा दियो.....।

"उनी ठीकै भन्दैछिन्"- कसैले उत्तेजित स्वरमा भन्यो - "ठीकै भन्दैछिन्, सुन्नोस् यी आइमाईको कुरा ।"

"बिचरी, कस्तो पीर गर्दैछिन् ।"- कसैले सहानुभूति प्रकट गर्दै भन्यो ।

अर्को मान्छेले हप्काउँदै भन्यो -

"आफ्नो पीरले होइन, हामी मूर्खहरूलाई धिकार्दै छिन् उनी, त्यति पनि बुझ्दैनौ"

भीडमा कसैको कम्पित स्वर सुनियो -

"ईसाका भक्तहरूको । मेरो दीमीत्री, त्यस्तो सफा हृदय भएको केटो, कसको के बिगारेको छ र उसले ? मात्र किनभने ऊ आफ्ना साथीहरूको पछि लाग्यो, किनभने ऊ आफ्ना साथीहरूको माया गर्छ... उनी ठीकै भन्दैछिन् कसरी हामी आफ्ना छोराहरूलाई एक्लै विपदमा छोड्न सक्छौं ? के गल्ती गरेका छन् उनीहरूले ?"

आइमाईको त्यो कुरा सुनेर आमाको मुटु काँप्यो, उनी सुँक्क-सुँक्क गर्दै रुन थालिन् ।

"जाऊ नीलोभ्ना, घर जाऊ । बिचरी असाध्यै थाकिसकिन् ।"- सिजोभले सबैले सुन्ने गरी भन्यो ।

उसको अनुहार अँध्यारो थियो र दाह्री कचमचिएको थियो । बूढोले निधार खुम्च्याउँदै चारैतिर कडा दृष्टिले हेऱ्यो अनि सीधा भएर उभियो र स्पष्ट स्वरमा भन्न थाल्यो -

"तपाईंहरू सबैलाई थाहा नै छ, मेरो छोरा मातभेइ कारखानामा काम गरिरहेको बेला मारियो । यदि आज ऊ जिउँदो भैदिएको भए म उसलाई पनि यिनीहरूसँग पठाउँथे । म आफैं उसलाई भन्थें हुँला : 'मातभेइ, जा बाबु', तँ पनि जा यो न्यायको बाटो हो, सचाइको बाटो हो ।"

ऊ थामियो । सब चूपचाप थिए । कुनै नौलो र व्यापक शक्तिले उनीहरूलाई छोप्दै थियो, तर उनीहरू तर्सिएनन् । सिजोभले हावामा आफ्ना हात हल्लाउँदै फेरि भन्न थाल्यो -

"तपाईंहरूको अगाडि बूढो मान्छे बोल्दैछ, तपाईंहरू मलाई चिन्नुहुन्छ । मैले यहाँ काम गर्न थालेको उनन्चालीस वर्ष भैसक्यो, आफैं त्रिपन्न वर्षको भैसकें । मेरो भतिजोलाई, त्यो असल र बुद्धिमान केटोलाई फेरि समातेर लगे । ऊ पनि अगाडि थियो भ्लासोभ सँगसँगै थियो- ठीक झन्डामुनि जाँदै थियो.....।"

उसले हात हल्लायो, अलि कक्रियो र अनि आमाको हात समात्दै भन्न थाल्यो -

"यी आइमाईले ठीक भनिन् । हाम्रो केटाकेटीहरू इमान्दार र समझदारीपूर्ण जिन्दगी बिताउन चाहन्छन्, हामीले चाहिं उनीहरूलाई एक्लै छोडिदियौं । आऊ पेलागेया नीलोभ्ना, जाऔं.....।"

"बाबुहो ।"- आमाले आँसुले भरिएका आँखाले चारैतिर हेर्दै भनिन् । "हाम्रो जिन्दगी नै, हाम्रा बालबच्चाहरूको लागि हो, सारा संसार नै उनीहरूको लागि हो.... ।"

"जाउ पेलागेया नीलोभ्ना घर जाउ । लौ, यो लट्ठी लेउ ।"- सिजोभले झन्डाको भाँचिएको लट्ठी आमाको हातमा राख्दै भन्यो ।

सबै बूढीलाई उदास, आदरपूर्ण दृष्टिले हेर्दै थिए, सहानुभूति प्रकट गर्दै थिए । सिजोभले चूपचाप मान्छेहरूलाई हटाउँदै आमाको लागि बाटो बनायो र मान्छेहरूले पनि चूपचाप बाटो छोडे । कुनै अज्ञात प्रेरणावश उनीहरू आमाको पछाडि लागे, यदाकदा सानो स्वरले आपसमा दुई चार कुरा गर्थे । आफ्नो घरको ढोकामा पुगेपछि आमाले उनीहरूतिर फर्केर हेरिन् र लट्ठीले टेक्दै झुकेर कृतज्ञता प्रकट गरिन् अनि बिस्तारै कोमल स्वरमा भनिन् -

"धन्यवाद छ तपाईंहरूलाई.....।"

फेरि त्यही कुरा सम्झेर, त्यही नयाँ कुरा जुन उनको हृदयको गहिराइमा पैदा भएको थियो- आमाले भनिन् -

"यदि मानिसहरूले ईश्वरको नाममा आफ्नो प्राण बलिदान नगरेका भए कसैलाई पनि ईसा मसीहको नाम थाहा हुँदैनथ्यो...।"

भीड चूपचाप उनलाई हेर्दै थियो ।

आमाले फेरि एकपल्ट झुकेर मानिसहरूप्रति आफ्नो कृतज्ञता व्यक्त गरिन् र घरभित्र पसिन्, सिजोभ पनि टाउको झुकाएर उनको पछिपछि लाग्यो ।

मान्छेहरू केही बेरसम्म ढोका अगाडि उभिएर कुरा गरिरहे र त्यसपछि बिस्तारै आ-आफ्नो बाटो लागे ।

भाग दुई

१

अरू बाँकी दिन आमाको आत्मा र शरीरमा एक घोर शिथिलता कायम रह्यो । नाना थरीका धमिला सम्झनाहरूले उनको पिछा गर्दै थिए । उनको आँखा अगाडि कहिले त्यो होचो अफिसरको अनुहार एक खैरो टाटोको रूपमा नाच्दथ्यो त कहिले पाभेलको काँस जस्तो अनुहार चम्कन्थ्यो आन्द्रेइका हँसिला आँखाहरू देखा पर्थे ।

उनी कहिले कोठामा ओहोर-दोहोर गर्थिन् त कहिले झ्यालमा गएर बस्थिन् र सडकमा हेर्न थाल्थिन् फेरि एकछिन उभिन्थिन् । यताउता हेर्न थाल्थिन् मानौं केही कुरा खोज्दैछिन् । उनले धेरैपल्ट पानी पिइन् तर प्यास मेटिएन हृदयका उम्लिरहेको उदासी र अपमानको व्यथा निभाउन उनी असमर्थ थिइन् । आमाका लागि त्यो दिन दुई भागमा बाँडियो र पहिलो भाग त अर्थपूर्ण थियो तर अहिले उनको अगाडि एक भयंकर शून्यता फैलिएको थियो र एउटा प्रश्न फेरिफेरि व्यग्रतापूर्वक खडा हुन्थ्यो ।

"अब के गर्ने....?"

कोर्सुनोभा आमालाई भेट्न आइन् । उनी कहिले बेस्सरी हात हल्लाउँदै कुरा गर्थिन् त कहिले रुन थाल्थिन् अनि अकस्मात भावावेशमा आएर खुट्टा बजार्थिन् कहिले केही सुझाव दिन्थिन् त कहिले कुनै कुरा दिने कबुल गर्थिन् कसलाई हो धम्की दिन थाल्थिन् । तर आमालाई यी सब कुराले कुनै प्रभाव पारेन ।

आहा । मान्छेहरू ज्यानको बाजी लगाएर मैदानमा उत्रे । पूरै फैक्ट्री कम्मर कसेर खडा भयो । पूरै फैक्ट्री आमाले पसल्नीको तीखो स्वर सुनिन् ।

"हो ।" आमाले शान्त स्वरमा भनिन् । तर उनका आँखा अझै पनि बितेका कुराहरूमाथि अडेका थिए, ती सब कुराहरूमाथि जुन पाभेल र आन्द्रेइले आफूसँग लिएर गएका थिए । उनी रुन पनि सक्दैनथिन् । उनलाई आफ्नो मुटु टुक्रिएको र सुकेको जस्तो लाग्यो । ओठ मुख सब सुकेका थिए । उनका हातहरू काँप्दै थिए र बारम्बार पूरा शरीर जिडरिङ हुन्थ्यो ।

साँझपख पुलिसहरू आइपुगे । उनीहरूलाई देखेर आमालाई न त आश्चर्य नै लाग्यो न डर नै । उनीहरू बडो हल्लीखल्ली मच्चाउँदै घरभित्र पसे । पुलिसहरू बडो सन्तुष्ट र प्रसन्न देखिन्थे । पहेलो अनुहार भएको अफिसरले जिस्क्याउने स्वरमा सोध्यो-

"के छ त हाल खबर ? लाग्छ तेस्रोपल्ट हाम्रो भेट हुँदैछ होइन त ?"

आमा आफ्नो सुकेको जिब्रोले ओठ भिजाउने कोशिश गर्दै चुपचाप बसिरहेकी थिइन् । अफिसर खुब कुरा गर्दै थियो । आमालाई उपदेश दिने कोशिश गर्दै थियो । आमाले बुझिन् अफिसरलाई आफ्नो कुरामा आफैलाई मजा आइरहेको छ । तर उसको कुराले आमाको सोचाइमा अलिकति पनि वाधा पुऱ्याइरहेको थिएन उनी उसको कुरा सुनिरहेकी थिइन् । जब अफिसरले भन्यो- "तेरो आफ्नो दोष छ आमा आफ्नो छोरालाई ईश्वर र जारप्रति उचित श्रद्धा राख्न सिकाएकी भए ।"

आमाले सहन सकिनन् र ढोकामा उभ्याउँदै जवाफ दिइन्- यो कुरा हाम्रै केटाकेटीहरूले मात्र छुट्याउन सक्छन् । यस्तो बाटोमा एक्लै छोडिदिए वापत उनीहरूले अवश्य पनि हाम्रो निन्दा गर्नेछन् ।

"के भनिस् रे ?"- अफिसरले चिल्लाउँदै सोध्यो- ठूलो स्वरले बोल । म भन्दै थिएँ असल खराब हाम्रै केटाकेटीहरूले छुट्याउनेछन्- आमाले लामो सुस्केरा हाल्दै जवाफ दिइन् । अफिसर रिसाउँदै अस्पष्ट स्वरमा बडबडाउन थाल्यो तर उसका शब्दहरू आमाका कानसम्म पुगेनन् । खानतलासी लिंदा मारिया कोर्सुनोभलाई साक्षीको रूपमा डाकिएको थियो । उनी आमासँगै उभिएकी थिइन् तर मुख अर्कोतिर फर्काएकी थिइन् । अफिसरले जुनसुकै प्रश्न सोधे पनि उनी झुक्दै सलाम गर्थिन् र एउटै कुरा दोहोऱ्याउँथिन्- "हजुर मलाई थाहा छैन । म लेखपढ गर्न नजान्ने आइमाई सानो पसल थापेर आफ्नो जीविका चलाइरहेकी छु, मूर्ख आइमाई छु हजुर केही थाहा छैन.....।"

"चूप लाग ।" अफिसरले आफ्नो जुँगा मुसार्दै हप्कायो । उनी फेरि अघि जस्तै झुकिन् तर अफिसरले आफ्नो पिठ्यूँ फर्काउनासाथ उसतिर आँखाले इशारा गर्दै बिस्तारै आमाको कानमा भनिन्- "पख्लास् म तँलाई देखाउँछु ।"

जब उनलाई पेलागेया नीलोभ्नाको जीउ छाम्ने आज्ञा दिइयो कोर्सुनाभाले जिल्ल परेर अफिसरको मुखमा हेरिन् ।

"हजुर म जान्दिन यस्तो काम गर्न ।" उनले भयभीत स्वरमा भनिन् । अफिसरले जोडले खुट्टा बजार्दै गाली गर्न थाल्यो । मारियाले आँखा झुकाइन् र विस्तारै आमालाई अनुरोध गरिन् । "पेलागेया नीलोभ्ना, लौ त केही लागेन, टाँक फुकाल तिमी अब ....।" आमाको जीउ छाम्दा उनको मुख रातो भयो ।

"कस्ता कुकुरहरू ।"- उनले विस्तारै भनिन् ।

"तँ त्यहाँ के बकबक गर्दैछेस् हँ ?- अफिसरले जर्किंदै सोध्यो र त्यतातिर हेर्न थाल्यो जहाँ कोर्सुनोभा आमाको जीउ छाम्दै थिइन् । "हजुर केही होइन आइमाईको कुरा हो हजुर ।" मारियाले तर्सदै भयभीत स्वरमा भनिन् । अन्त्यमा अफिसरले आमालाई एउटा कागजमा सही गर्न लगायो । आमाले ठूलठूला टेढामेढा अक्षरले लेखिन्-

"पेलागेया ग्लासोभ एक मजदूरकी विधवा ।"

"के लेखिस् यो ? किन यस्तो लेखेकी ?"- अफिसरले घृणापूर्वक मुख बङ्ग्याउँदै भन्यो र फेरि हाँस्दै भन्यो- जंगलीहरू ....।"

उनीहरू निस्के । आमा दुवै हात बाँधेर झ्यालनेर उभिइन् र एकटकले बाहिर हेर्न थालिन् । उनका आँखीभौं तन्किएका थिए । ओठ जोडिएका थिए । उनले कति कसेर आफ्ना बङारा छिटेकी थिइन् भने पीडा अनुभव गर्न थालिन् । बत्तीमा मट्टीतेल सकियो र झकझक गर्दै निभ्न थाल्यो । आमाले फू गरेर बत्ती निभाइन र अँध्यारोमा उभिइरहिन् उनको मुटु बेस्सरी दुख्दै थियो र सास फेर्न पनि मुश्किल पर्दै थियो । उनी धेरै बेरसम्म यसरी नै उभिरहिन् जसले गर्दा उनका आँखा र खुट्टा समेत दुख्न । थाले मारिया झ्यालनेर उभिइन् र रक्सीले मात्तिएका स्वरले सोधिन् - पेलागेया निदायौ ? बिचरी, कस्तो दुःख पाइन् लौ, लौ सुत ।" आमा लुगै नफुकाली बिछ्यौनामा पल्टिइन् र कति गाढा निन्द्रामा परिन् भने मानौं उनी कुनै गहिरो तलाउभित्र डुबेकी छिन् ।

आमाले सपना देखिन् - धापपारि पहेंलो बालुवाको थुम्को हुँदै उनी शहरतिर गैरहेकी थिइन् । त्यही थुम्को छेउमा ठीक त्यहीं खाडलनेर जहाँबाट बालुवा निकाल्ने गर्थे, पाभेल उभिएको थियो र आन्द्रेइ मधुर स्वरमा गाउँदै थियो- "जाग लौ उठ मजदूरगण ।"

उनी निधारमा हात राखेर आफ्नो छोरातिर हेर्दै त्यस थुम्को छेउबाट पार भइन् । नीलो आकाशको पृष्ठभूमिमा पाभेलको आकृति स्पष्ट देखिन्थ्यो । आमालाई आफ्नो छोराको नजिक जान लाज लागिरहेको थियो । उनले पेट बोकेकी थिइन् र हातमा एउटा अर्को बच्चा समाएकी थिइन् । हिड्दा-हिड्दै उनी एउटा त्यस्तो मैदानमा पुगिन् जहाँ धेरै केटाकेटीहरू भकुण्डो खेलिरहेका थिए । भकुण्डो रातो थियो । हातमा बोकेको बच्चाले भकुण्डो लिन हात पसाऱ्यो र चिल्लाउँदै रुन थाल्यो । आमाले बच्चालाई दूध पिलाउन थालिन् र पछाडि फर्केर हेरिन् । तर अहिले त्यस थुम्कोमा सिपाहीहरू आमातिर आफ्नो संगीन तेर्स्याएर उभिएका थिए । बीच मैदानमा एउटा गिर्जाघर थियो उनी छोड्दै त्यतैतिर बगिन् । त्यो सेता पारदर्शक गिर्जाघर कति मोहक र अग्लो थियो भने हेर्दा बादलका टुक्राहरूले बने जस्तो लाग्थ्यो । त्यहाँ कसैको लाश गाडिदै थियो । त्यसका कालो कफन निकै ठूलो थियो र टम्म पारेर बन्द गरिएको थियो । मुख्य पादरी र उनका सहायकले सेतो पोशाक लाएका थिए र गिर्जाघरमा यताउता हिंड्दै गइरहेका थिए : "ईसाको पूनर्जन्म भयो....।"

सहायक पादरीले आमालाई देखेर झुक्दै अभिवादन गऱ्यो र धूपदान घुमाउँदै मुस्कुरायो । गाढा रातो रङको कपाल भएको त्यस पादरीको अनुहार समोइलोभकै जस्तो हँसिलो थियो । गिर्जाघरको मीनारका छिंडहरूबाट सूर्यको किरण सेता रुमालहरू झैं लहराउँदो भित्र पसिरहेको थियो । सामूहिक गाना गाउने दुवै कोठाहरूबाट केटाहरूले गाएको आवाज आइरहेको थियो ।

"ईसाको पनर्जन्म भयो....।"

"गिरफ्तार गर यिनीहरूलाई ।" गिर्जाघरको वीचमा पुगेपछि अकस्मात थामिँदै पादरी चिल्लायो । उसले लगाएको पादरीको पोशाक गायब भयो र अनुहारमा बाक्लो सेतो जुँगा देखा पऱ्यो । सब भाग्न थाले । सहायक पादरीले आफ्नो धूपदान फाल्यो र उक्राइनीले जस्तै आफ्नो टाउको समायो, त्यसपछि ऊ पनि भाग्न थाल्यो । आमाले आफ्नो बच्चालाई ती दौडधूप गर्न थालेका मान्छेहरूको खुट्टा अगाडि लगेर राखिदिइन् । तर उनीहरू भयभीत आँखाले बच्चाको नाङो शरीरमा हेर्दै छेउतिरबाट अगाडि बढे । आमा घुँडा टेकेर बच्चा अगाडि बसिन् र रुँदै अनुरोध गर्न थालिन् ।

"मेरो बच्चालाई यसरी छोडेर नजानोस् । उसलाई पनि आफूसँग लिएर जानोस् ।" उक्राइनी हात पछाडि फर्काएर मुस्कुराउँदै गाइरहेको थियो -

"ईसाको पुनर्जन्म भयो.....।"

आमाले झुक्दै बच्चा हातमा लिइन् र उसलाई फल्याकहरू लादिएको एउटा गाडामा सुताइन् । निकोलाई हाँस्दै गाडासँगसँगै बिस्तारै गैरहेको थियो ।

"यो कठिन काम त मलाई पो सुम्पेछन् ।".... ऊ भन्दै थियो सडक फोहोर थियो । मान्छेहरू झ्यालबाट टाउको बाहिर निकालेर चिल्लाइरहेका थिए, सिटी बजाइरहेका थिए र हात हल्लाउँदै थिए । मौसम सफा थियो, न्यानो सूर्य चम्किरहेको थियो, छायाँको कतै नाम निशान थिएन ।

"आमा गाउनोस् ।"- उक्राइनीले भन्यो - "जिन्दगी यस्तै हो ।"

उक्राइनी आफैं गाउन थाल्यो र उसले गीतको आवाजमा अरू सबै आवाज बिलाए । ऊ हिंड्न थाल्यो र आमा उसको पछिपछि लागिन् । अचानक उनले ठक्कर खाइन् र एक अथाह खाडलमा खसिन् । खाडलबाट भयंकर चित्कार सुनिंदै थियो.....।

आमा झसँग भएर बिउँझिन् । उनको पूरा शरीर काँप्दै थियो । यस्तो लाग्थ्यो, मानौं कसैले आफ्नो कडा पन्जाले उनको मुटु समाउँदै छ र विस्तारै निचोर्दै छ । फैक्ट्रीको सिटी लगातार मजदूरहरूलाई डाक्दै छ । आवाजबाट आमाले यो दोस्रो सिटी हो भन्ने अन्दाज लाइन् । कोठामा जताततै किताबहरू छरिएका थिए, सब कुरा अस्तव्यस्त थियो र भूँईमा जताततै हिलो लागेका जुत्ताका दागहरू थिए ।

आमा उठिन् हात मुख नधोई, पूजा नगरी कोठा सफा गर्न थालिन् । भान्सा-कोठामा त्यस झन्डाको लट्ठीमाथि आमाको आँखा पऱ्यो जसमा अझ पनि टुक्रा रातो कपडा बाँधिएको थियो ।

...क्रमशः

# संसद्को शून्य समय : तस्करी, भ्रष्टाचार र डेङ्गु नियन्त्र गर्न माग

**काठमाडौं ।** राष्ट्रियसभाको बैठकको शून्य समयमा सांसदहरूले तस्करी, भ्रष्टाचार र अनियमितताबारे प्रभावकारी छानबिन गरी संलग्नलाई कानुनी दायरामा ल्याउन माग गरेका छन् ।

शून्य समयमा बोल्ने सांसदहरूले तस्करी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन् । उनीहरूले डेङ्गु रोगको सम्भावित जोखिम नियन्त्रणका लागि प्रभावकारी योजना कार्यक्रम ल्याउन समेत माग गरे ।

बैठकमा सांसद इन्दिरादेवी गौतमले पछिल्लो समय काठ तस्करी, खोलानालाबाट गिट्टी बालुवा उत्खनन र चोरी निकासी भइरहँदा राज्यको करोडौं राजस्व गुमेको भन्दै तस्करी र राजस्व चुहावट नियन्त्रणका लागि अनुगमनलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराइन् ।

बैठकबीच पालिकास्तरमा महिला विकास तथा उत्थान प्रवर्द्धन र महिला सशक्तीकरणका लागि महिला विकास शाखा स्थापना गर्न सांसद गंगाकुमारी बेल्वासेले माग थियो भने गोपाल भट्टराईले देशमा तस्करको बिगबिगी बढेको, भ्रष्टाचार तथा अनियमितता पनि बढेको भन्दै प्रभावकारी छानविन गरी मौलाउँदो तस्करी र भ्रष्टाचार नियन्त्रण गर्न जरुरी भएको उल्लेख गरेका थिए ।

यस्तै सांसद जगप्रसाद शर्माले हालै सप्तकोशी नदीमा भएको ट्रक दुर्घटनामा पानीमा डुबेका व्यक्तिलाई स्थानीय चन्दर मुखियाले उद्धार गरी बचाएको भन्दै उनीलाई राज्यले उनलाई सिपयुक्त क्षमता, प्रतिभा र साहसको कदर गर्दै आवश्यक प्रक्रिया पुऱ्याएर गोताखोरमा नियुक्त गर्न माग गरे ।

शून्य समयमा सांसद तारामान स्वाँरले सुदूरपश्चिमका कैलाली, कञ्चनपुरलगायतका जिल्लामा लागुऔषधको तस्करी र ढुवानीकर्ताको बिगबिगी बढिरहेको र यसले अपराधजन्य घटना समेत बढाइरहेको भन्दै यसलाई नियन्त्रण गरी कानुनी दारयामा ल्याउन सरकारको ध्यानाकर्षण गराए ।

सांसदद्वय तुलसाकुमारी दाहालले भूमिहीन दलित र सुकुम्बासीलाई सम्बोधनका लागि, मायाप्रसाद शर्माले सिंहदरबार परिसरको राष्ट्रिय अभिलेखालयको संरक्षण सम्वर्द्धनमा दक्ष जनशक्ति, भौतिक, प्राविधिकलगायतका सामग्रीको सुनिश्चितका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

यस्तै सांसद मृगेन्द्रकुमार सिंह यादवले 'लम्पी स्किन' महामारीको रोकथाम नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिए । सांसद विमला घिमिरेले दिनहुँ तस्करीका समाचार बढिरहेको भन्दै बुधबार मात्रै धेरै परिणामको सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद भएको भन्दै उक्त घटनाको प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याइनुपर्नेमा जोड दिए । उनले काठमाडौं महानगरमा फोरको व्यवस्थापनका लागि अल्पकालीन तथा दीर्घकालीन सामाधान खोज्न ध्यानाकर्षण समेत गराएका थिए ।

शून्य समयमा बोल्दै सांसदद्वय सुमित्रा विसी तथा शारदादेवी शर्माले डेङ्गु रोग नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराए । डेङ्गु नियन्त्रणका लागि सरकारले बेलैमा ध्यान दिनुपर्ने भन्दै उनीहरूले महामारी फैलनुपूर्व आवश्यक सचेतना अभिवृद्धि र नियन्त्रणका सबैखाले तयारी गर्न आग्रह गरेका थिए ।

# उपभोक्ताको हितलाई केन्द्रमा राखेर सरकार बढ्छ : गृहमन्त्री श्रेष्ठ

**काठमाडौं ।** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले उपभोक्ता हितलाई केन्द्रमा राखेर सरकार अगाडि बढ्ने बताएका छन् । गृहमन्त्री श्रेष्ठले उपभोक्ताको अधिकारको उल्लंघन तथा स्वच्छ बजार प्रवर्द्धनमा हुने बेथितिलाई सरकारले छुट नदिने पनि बताए ।

गृहमन्त्रालयमा आयोजना गरिएको उपभोग्य वस्तुको सहज उपलब्धता, भन्सार छली, चोरी निकासी पैठारीलगायत विषयमा छलफल कार्यक्रमबीच गृहमन्त्री श्रेष्ठले सरकार उपभोक्ता हितलाई केन्द्रमा राखेर अगाडि बढ्ने बताएका हुन् ।

'कानुन उल्लंघन र बेथितिलाई सरकारले छुट दिँदैन' उनको भनाइ थियो-'गुणस्तरीय र सुपथ मूल्यमा दैनिक आवश्यकताका पूरा गर्न पाउने उपभोक्ताको अधिकार हो ।' उनले सरोकारवाला सबै पक्षसँगको छलफलबाट अनुगमनलाई प्रभावकारी बनाइने बताए ।

'अनुगमनलाई कसरी प्रभावकारी बनाउने, कालाबजारी र नक्कली वस्तुलाई नियन्त्रण गर्ने, उपभोक्ताले कसरी गुणस्तरीय वस्तु सहज ढंगले उचित मूल्यमा प्राप्त गर्ने विषयलाई केन्द्रमा राखेर काम गर्ने छौं' उपप्रधानमन्त्री श्रेष्ठको भनाइ थियो ।

गृहमन्त्री श्रेष्ठले उद्योग, व्यवसाय क्षेत्रमा हुने अनियमितालाई ठीक ढंगबाट अनुगमन गर्न आवश्यक रहेको भन्दै व्यवसायीले भोग्नुपरेका समस्या समाधान गरिने स्पष्ट गर्दै पारे- 'उद्योगी व्यवसायीका पनि केही समस्या छन्, त्यसलाई समाधान गर्न पनि आवश्यक छ ।'

छलफल कार्यक्रमबीच व्यवसायमा देखिएका कमजोरी सच्याउने र समस्या भए समाधान गर्ने दिशातर्फ प्रभावकारी कदम चाल्नु आवश्यक भएको धारणा व्यक्त गर्दै उनले उपभोक्ता अधिकारलाई कुण्ठित गर्ने काम भइरहेको तथा सुधार गर्नुपर्ने विषयमा सरकारलाई सुझाव दिन उपभोक्ता अधिकारकर्मीलाई आग्रह समेत गरे ।

वर्तमान सरकारले समृद्धिको प्रतिफल आम जनतालाई प्राप्त हुने गरी सामाजिक न्याय स्थापित गर्न सुशासनमा जोड दिइरहेको गृहमन्त्री श्रेष्ठको भनाइ थियो । 'सरकार सुशासनलाई पूर्वसर्त बनाएर अगाडि बढिरहेको छ । सुशासनबाट नै समृद्धिको लक्ष्यलाई साकार रूप दिन सकिन्छ' उनले भने । अर्थतन्त्रलाई लयमा ल्याएर मात्रै समृद्धिको लक्ष्य प्राप्त गर्न सकिने उल्लेख गर्दै गृहमन्त्री श्रेष्ठले राज्यलाई सुदृढ गराउन सरकारको ध्यान केन्द्रित भएको बताए ।

गृहसचिव दिनेशकुमार भट्टराई, नेपाल प्रहरीका महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, आन्तरिक राजस्व, भन्सार विभाग, उपभोक्ता हित संरक्षण विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक, उपभोक्ता अधिकारकर्मी, उद्योगी व्यापारी सहभागी सो छलफलमा उपभोक्ता अधिकारकर्मीले प्रत्येक वस्तु तथा सेवाको खरिदमा उपभोक्ता ठगिएको, नियमनकारी निकायलाई साधनस्रोत सम्पन्न बनाउनुपर्ने, उपभोक्ता अधिकारसम्बन्धी ऐन पुनर्लेखन गर्नुपर्नेमा जोड दिर्एका थिए ।

अधिकारकर्मीहरूले उद्योगी व्यवसायीले व्यापार व्यवसायमा सरकारले सहयोग गर्नुपर्ने, व्यापार सहजीकरणसम्बन्धी संयन्त्रमा वास्तविक व्यापारिको प्रतिनिधित्व हुनुपर्नेमा बताए ।

# फिफा वरियतामा नेपालको पुरानै स्थान

**काठमाडौं ।** हालै विश्व फुटबलको सर्वोच्च निकाय इन्टरनेशनल फेडेरेसन अफ एसोसिएसन फुटबल (फिफा)ले सार्वजनिक गरेको विश्व वरियता क्रममा नेपाल पुरानै स्थानमा यथावत रहेको छ । फिफाले जारी गरेको नयाँ वरियताअनुसार नेपाल १७५औं स्थानमा रहेको छ ।

दक्षिण एसियाली राष्ट्रमा भने नयाँ वरियताअनुसार नेपाल तेस्रो स्थान, भारत ९९औं स्थानमा र माल्दिभ्स १५५औं स्थानमा रहेको छ । भुटान १८५औं, बङ्गलादेश १८९औं, पाकिस्तान २०१औं र श्रीलङ्का २०४औं स्थानमा रहेको छ ।

विश्व वरियताको शीर्ष स्थानमा अर्जेन्टिना छ भने दोस्रो स्थानमा फ्रान्स छ । यसैगरी ब्राजिल तेस्रो स्थानमा रहँदा इङ्ग्ल्यान्ड चौथो तथा बेल्जियम पाँचौं स्थानमा परेका छन् भने क्रोसिया छैटौं, नेदरल्याण्ड्स सातौं, इटाली आठौं, पोर्चुगल नवौं तथा स्पेन दशौं स्थानमा परेका छन् ।

# सूर्तीजन्य पदार्थ बेच्नेलाई ५० हजार जरिवाना

**काठमाडौं ।** झापा जिल्लाको कनकाई नगरपालिकाले मानव स्वास्थ्य र वातावरणीय हिसाबले हानिकारक सुर्तीजन्य पदार्थलाई सार्वजनिक क्षेत्रमा बिक्रीवितरण तथा प्रयोगमा प्रतिबन्ध लगाएको छ ।

कनकाईमा साउनदेखि लागू हुनेगरी ऐन नै बनाएर सुर्तीजन्य पदार्थको बिक्रीवितरण तथा प्रयोगमा प्रतिबन्ध लगाएको हो । सुर्तीजन्य पदार्थको बिक्रीवितरण तथा प्रयोगमा प्रतिबन्ध लगाउने नगरसभाले निर्णय गरेको नगरप्रमुख राजेन्द्रकुमार पोखरेलले जानकारी दिए ।

'मानव स्वास्थ्य र वातावरणीय हिसाबले धेरै हानिकारक देखिएकाले सुर्तीजन्य पदार्थ प्रतिबन्ध गर्ने गरी काम थालेका हौं' उनले भने 'भोलिदेखि निर्णय कार्यान्वयनको चरणमा जान्छ, सबैलाई नगरपालिकाको निर्णय मान्न आग्रह गर्दछु ।'

सबै राजनीतिक दलको साथ सहयोगमा आफूहरूले नगरपालिकालाई सफा, सुन्दर, उज्यालो, व्यवस्थित र विकसित बनाउने अभियानका साथ सुर्तीजन्य पदार्थलाई प्रतिबन्ध लगाउने निर्णय गरेको नगरप्रमुख पोखरेलले बताए । चुरोट, खैनी, गुट्खालगायतका सुर्तीजन्य पदार्थको प्रयोगले नगर कुरूप बनेको नगरप्रमुख पोखरेलको धारणा थियो- 'बाटोमा यत्रतत्र गुट्खाको खोल देखिन्छ, यसले नगरको सुन्दरतामा असर पर्नुका साथै फोहर व्यवस्थापन समेत चुनौती थपिएको छ ।'

नगर क्षेत्रमा सुर्तीजन्य पदार्थको बिक्रीवितरण तथा प्रयोगमा पूर्णप्रतिबन्ध लगाइएकाले कसैले अटेर वा बेवास्ता गरे नगरको ऐनबमोजिम किन्नबेच गर्नेलाई अधिकतम पचास हजार तथा प्रयोगकर्ताको हकमा पाँचहजार रूपैयाँसम्म जरिवाना तोकिएको नगरपालिका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद न्यौपानेले बताए ।

# चिनियाँ राष्ट्रपति चिनफिङ र अमेरिकी पूर्वविदेशमन्त्रीबीच भेटवार्ता

**काठमाडौं ।** चीनका राष्ट्रपति सी चिनफिङ र अमेरिकाका पूर्वविदेशमन्त्री हेनरी किसिञ्जरबीच दायुताई राजकीय विश्रामगृहमा भेटवार्ता भएको छ ।

सन् सत्तरीको दशकमा चीन र अमेरिकाबीच कुटनीतिक सम्बन्ध स्थापनामा अहम् भूमिका निर्वाह गरेका किसिञ्जर उतिबेला अमेरिकाको राष्ट्रिय सुरक्षा सल्लहकार थिए ।

राष्ट्रिय सुरक्षा सल्लाहकार किसिञ्जरको भ्रमणपछि तत्कालीन अमेकिरीकी राष्ट्रपति रिचर्ड निक्सनको ऐतिहासिक चीन भ्रमण भएको थियो । विश्वमानचित्रमा एक्लिएको चीन अमेरिकासँग सम्बन्ध स्थापना गरेसँगै उत्पादन उद्योगका लागि विश्वकै कारवाखाना बनेको छ ।

नोबेल शान्ति पुरस्कार प्राप्त वरिष्ठ कुटनीतिज्ञ किसिञ्जरले गत मे २७ मा आफ्नो सयौं जन्मदिवस मनाएपछिको यो उनको एकसयौं चीन भ्रमण भएको पनि उल्लेख गरिएको छ ।

# पुटिनले 'भर्चुअल' रूपबाट ब्रिक्स शिखर सम्मेलनलाई सम्बोधन गर्ने

**काठमाडौं ।** रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले जोहानेसबर्गमा हुन लागेको ब्रिक्स शिखर सम्मेलनमा व्यक्तिगत रूपमा सहभागी नहुने निर्णय गरेको दक्षिण अफ्रिकाका एक उच्च कूटनीतिज्ञले बिहीबार उल्लेख गरेका छन् ।

पुटिनको सम्भावित भ्रमणले दक्षिण अफ्रिकाका लागि अगष्ट २२ देखि २४ सम्म हुने बैठकलाई कूटनीतिक र कानुनी दुविधा सिर्जना गरेको थियो । अन्तर्राष्ट्रिय फौजदारी अदालतले पुटिनविरुद्ध जारी गरेको पक्राउ पुर्जी जारीको प्रावधान आईसीसी सदस्यको रूपमा दक्षिण अफ्रिकाले लागू गर्ने अपेक्षा गरिएको छ ।

राष्ट्रपति सिरिल रामाफोसाको कार्यालयले पुटिन व्यक्तिगत रूपमा उपस्थित नहुने र उनको स्थानमा विदेशमन्त्री सर्गेइ लाभरोभ जाने बुधबार घोषणा गरेको थियो । एशिया र ब्रिक्सका लागि दक्षिण अफ्रिकाका राजदूत अनिल सुकलालले सामूहिक सहमतिअनुसार पुटिनले भर्चुअल माध्यमबाट छलफलमा भाग लिने उल्लेख गरेका छन् ।

जोहानेसबर्गमा आयोजित पत्रकार सम्मेलनमा सुकलालले 'राष्ट्रपति पुटिनले दक्षिण अफ्रिकाले सामना गरिरहेको दुविधालाई बुझ्नुभएको छ । उहाँ शिखर सम्मेलनलाई खतरामा पार्न चाहनुहुन्न र दक्षिण अफ्रिकाका लागि समस्या सिर्जना गर्न चाहनुहुन्न' उल्लेख गरे ।

पश्चिमी आर्थिक प्रभुत्वको प्रतिरक्षात्मक शक्तिका रूपमा हेर्ने ब्रिक्स समूहमा ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिकालगायत मुलुकहरूको संक्षिप्त नाम हो । प्रिटोरिया ब्रिक्स समूहका वर्तमान अध्यक्ष हो ।

दक्षिण अफ्रिकामाथि रूसी नेतालाई स्वागत नगर्न आन्तरिक र अन्तर्राष्ट्रिय दबाब परेको थियो । सुकलालले पुटिनको अनुपस्थितिका बाबजुद वार्ता सफल हुनेमा सरकार विश्वस्त रहेको बताए ।

'रूसी नेता पुटिनले सबै छलफलहरूमा भर्चुअल माध्यमबाट पूर्ण रूपमा भाग लिनुहुनेछ' उनले भने ।

रूसले सन् २०२२ को फेब्रुअरीमा युक्रेनी नागरिकमाथि आक्रमण गरेपछि युक्रेनी बालबालिकालाई गैरकानुनी रूपमा देश निकाला गरेको आरोप लगाउँदै पुटिनमाथि मुद्दा चलिरहेको छ ।

# भारतमा भारी वर्षा : प्रभावित राज्यका शैक्षिक संस्था बन्द

**काठमाडौं ।** भारी वर्षाका कारण भारतका विभिन्न राज्यमा प्रभावित राज्यका विद्यालयसहित शैक्षिक संस्थाहरू बन्द गरिएको छन् । विगत २४ घण्टादेखि भारी वर्षा भइरहेकाले त्यहाँका स्थानीय सरकारहरूले बिहीबार सो घोषणा गरेको उल्लेख गरेका हुन् ।

दक्षिणी राज्य तेलङ्गाना, उत्तरी पहाडी राज्य हिमाचल प्रदेशका केही भाग र दक्षिणपश्चिम राज्य महाराष्ट्रका धेरै जिल्लाहरूमा विगत २४ घण्टादेखि भारी वर्षा भइरहेको छ र आगामी केही दिनसम्म पनि भारीदेखि अति भारी वर्षा जारी रहने अनुमान गरिएको छ ।

तेलङ्गाना सरकारले भारी वर्षाका कारण राज्यका सबै शैक्षिक संस्थाहरूमा बिहीबारदेखि दुई दिनका लागि बिदा दिने निर्णय गरेको राज्यका शिक्षामन्त्री सबिता रेड्डीले ट्वीट गरेकी हुन् । तेलङ्गनाको राजधानी हैदराबादमा बिहीबार बिहान पानी जमेका कारण लामो ट्राफिक जाम भएको बताइएको छ ।

वर्षाका कारण आएको बाढी र पहिरोको जोखिमका कारण हिमाञ्चल प्रदेशका केही भागमा जुलाई २० देखि २२ सम्म सबै विद्यालय र शैक्षिक संस्थाहरू बन्द गरिएको छ । विगत केही दिनदेखि आएको भीषण बाढीलाई ध्यानमा राख्दै महाराष्ट्र राज्यका विद्यालय र अन्य शैक्षिक संस्थाहरू बन्द गरेको छ ।

## अरुलाई पीडा...

स्वास्थ्य स्थिति सुर्धान राज्यबाट कुनै सुविधा नलिई उपलब्ध र लाभदायी हुनसक्ने सबै खाले पद्धतिबाट उपचारको प्रयास गरिएको समेत बताए ।

'सीता थला परेपछि अन्तिम अवस्था दुःखदायी हुन्छ कि भन्ने हामीलाई चिन्ता थियो, अन्तिम अवस्थामा आइसियू वा भेन्टिलेटरमा पीडादायी मृत्युवरण देख्नुपर्छ कि डर पनि थियो, तर बाँच्दासम्म अरूलाई पीडा दिन नजानेकी सीताले मृत्यु पनि निकै शान्त रोजिन्', प्रधानमन्त्री दाहालले भने ।

सीताले अस्पतालदेखि पार्टी कार्यालयसम्म, आर्यघाटदेखि बालुवाटारसम्म पाएको सम्मान र श्रद्धाञ्जली उनको त्याग तपस्या र बलिदानप्रति जनताको न्याय र सम्मान हो भन्ने आफूले ठानेको बताएका प्रधानमन्त्री दाहालले पत्नी सीताको निधनमा प्रकट भएका जनअभिव्यक्ति र जनउभारले आफू र आफ्नो परिवारलाई देश र जनताप्रति अझ ठूलो जिम्मेवारी बोध गराएको चर्चा गरे ।

नेपाली समाजमा व्याप्त आर्थिक, सामाजिक र सांस्कृतिक असमानताको अन्त्य गर्न आफूलाई बाँकी जीवनमा झनै सक्रिय भएर सशक्त भूमिका निर्वाह गर्नुपर्छ भन्ने प्रेरणा मिलेको प्रधानमन्त्री प्रचण्डले बताए ।

'शोकको यो घडीमा मित्रराष्ट्र र संसारभरका सबै राष्ट्रप्रमुख र सरकार प्रमुखबाट हामीले अत्यन्त आत्मीय सहानुभूति र ऐक्यबद्धता पायौं' पत्नी सीताको निधनको सातौं दिन आयोजित श्रद्धाञ्जली कार्यक्रममा प्रधानमन्त्री दाहालले भने-'कूटनीतिकजगत्, राजनीतिक दल र नेतृत्व वर्ग, सञ्चारजगत्, कर्मचारीतन्त्र, सुरक्षा निकाय, बुद्धिजीवी, साहित्यकार, कलाकार, संगीतकर्मी, व्यवसायी र समाजका सबै तप्काको समवेदना र सहानुभूतिले हाम्रो पीडामा ठूलो मलहम लगाउने काम गरेको छ ।'

उनले सबै पक्षको सहानुभूतिका लागि आफू, सरकार, पार्टी र परिवारका तर्फबाट धन्यवाद ज्ञापन गरे । श्रद्धाञ्जली सभामा उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रधानन्यायाधीश हरिकृष्ण कार्की, पूर्वप्रधानमन्त्रीहरू, मन्त्रीगण, सांसद, कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता लगायतको उपस्थिति थियो ।

श्रद्धाञ्जली कार्यक्रममा प्रधानमन्त्री पत्नी सीताको व्यक्तिगत तथा राजनीतिक योगदान समेटिएको वृत्तचित्र प्रस्तुत गरिएको थियो । श्रद्धाञ्जलीपछि प्रधानमन्त्री निवासमा जलपान कार्यक्रम समेत आयोजना गरिएको थियो । लामो समयदेखि विरलैलाई लाग्ने रोगमध्ये पार्किन्सनसँग संघर्ष गरिरहेकी ६९ वर्षीया प्रधानमन्त्रीतथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्डपत्नी सीताको गत असार २७ गते बिहान निधन भएको थियो ।

**सुशासन कायम गरौं !**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सेनाको योगदान स्मरणयोग्य छ : सांसद् गौतम

**काठमाडौं ।** राष्ट्रियसभाको बैठकमा सहभागी सांसदहरूले मुलुकका लागि नेपाली सेनाको इतिहास स्मरणयोग्य रहेको विश्लेषण गरेका छन् । बैठकको विशेष समयमा सांसद वामदेव गौतमले नेपाली सेनालाई कमजोर आँकलन गर्न नहुने बताएका हुन् । अप्ठ्यारो परेका बेला देश र जनतालाई सधैँ सहयोग र योगदान गर्दै आएको स्मरण गर्दै सांसद गौतमले नेपाली सेनाबारे जथाभावी अभिव्यक्ति दिन नहुने धारणा व्यक्त गरे ।

'नेपाली सेना राज्यशक्तिको नाम हो । सार्वभौमसत्ता, सीमाको रक्षा र राष्ट्रमा आइपर्ने जुनसुकै विपद्मा ज्यानको बाजी राखेर परिआएको खण्डमा बलिदान दिनेगरी सेवारत नेपाली सेनालाई यसरी अपमान गर्न हुँदैन' गौतमको भनाइ थियो । नेपाली सेनाले विभिन्न क्षेत्रमा आफूलाई अब्बल बनाउँदै आएको चर्चा गर्दै सांसद गौतमले भने 'देशलाई बलिदानी दिन तयार रहेर सेवारत सेनालाई कमजोर बनाइनुहुन्न । राज्यका चार वटा अंगमध्ये एउटा मात्रै अंग कमजोर भए हामीले दुर्घटना बेहोर्नुपर्छ । त्यसैले नेपाली सेनालाई अपमान गर्न हुँदैन ।'

'सेनाको संख्या घटाएर त्यसबाट बचेको रकमबाट देश विकास गर्नुपर्छ' भन्ने अभिव्यक्तिप्रति कटाक्ष गर्दै सांसद गौतमल सेनालाई कमजोर तुल्याउने गरी कुनै पनि काम गर्न नहुनेमा जोड दिए ।

सोही क्रममा नेपाली काँग्रेसले केन्द्रीय समितिको बैठक प्रत्यक्ष प्रसारण गरेकामा धन्यवाद दिँदै सांसद गौतमले यसलाई कम्युनिस्ट पार्टीहरूले पनि अनुसरण गर्नुपर्ने बताए । 'काँग्रेसले केन्द्रीय समितिको बैठक खुला गरेर धेरै राम्रो काम गरेको छ, काँग्रेसलाई बधाई दिन चाहन्छु, त्यही बाटोमा कम्युनिस्ट हिँड्नुपर्छ' गौतमको भनाइ थियो ।

विशेष समयमा भाग लिँदै सांसद गंगाकुमारी बेल्बासेले करिब एक सय केजी सुन तस्करबाट बरामद गरेको भन्दै सरकारलाई धन्यवाद दिँदै मिटरब्याज पीडितको समस्यालाई टुंगोमा पुऱ्याउनु पर्ने माग गरिन् ।

उनले म्यानमारमा नेपाली कामदारलाई थुनिएको कम्बोडिया, लाओसलगायत मुलुकमा कामदारलाई दिइरहेको यातना र ठगीबारे सम्बन्धित मुलुकमा कूटनीतिक पहलमार्फत समाधान खोज्न समेत सरकारको ध्यानाकर्षण गराइन् ।

यसैगरी विशेष समयमा आफ्नो मत व्यक्त गर्दै सांसद दिलकुमारी रावल थापाले चितवनका केरा उत्पादक किसानले बजार नपाउनु चिन्ताको विषय बनेको र केराखेतीमा लागू भएको बीमा कार्यक्रम समेत रोकिएकोतर्फ औंल्याउँदै कृषकका समस्या समाधानमा पहल गरिदिन सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराइन् । किसानलाई समयमै मलको व्यवस्था गर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएकी सांसद थापाले सहकारीको व्यवस्थापन, सुन तस्करीको दोषीलाई कानुनी दायरामा ल्याउने विषयमा सरकार जागरूप हुनुपर्नेमा जोड दिइन् ।

यसैबीच सांसद डा बिमला राई पौड्यालले नेपाली सेनालाई सुदृढ र प्रभावकारी बनाउन माग गरिन् । राष्ट्रियसभाको बैठकबीच विशेष समयमा बोल्दै उनले देश र जनताको रक्षाका लागि अपरिहार्य नेपाली सेनाको प्रधावकारिता कसरी बनाउने र सुदृढ संगठन निर्माण गर्नेमा ध्यान दिनुपर्ने खाँचो रहेको औंल्याइन् ।

अहिले देशमा द्वन्द्व नभएको र शान्ति स्थापनाले पूर्णता पाएका टिप्पणी गर्दै उनले सेनाको संख्यामा बहस गरिनुपर्ने तर्क राखेकी थिइन् । 'नेपाली सेना अब्बल शक्तिका रूपमा छ । देशमा नेपाली सेनाको संख्या कति आवश्यक पर्ने हो, त्यसको समीक्षा गरेर व्यवस्थापन गरिनुपर्छ । हिजो द्वन्द्व थियो सेनाको संख्या बढाइयो तर अहिले देशमा कुनै किसिमको अशान्ति छैन, त्यसैले किन सेनाको संख्या बढी चाहियो' उनको भनाइ थियो ।

यस्तैगरी सांसद मायाप्रसाद शर्माले वर्तमान सरकारले सुशासन प्रवर्द्धनका लागि जनताले अनुभूत गर्नेगरी काम गरेको चर्चा गर्दै अर्थतन्त्रको सुधार, भ्रष्टाचार नियन्त्रणका काम गरेको भन्दै सरकारको प्रशंसा समेत गरे । कर्णाली प्रदेशमा भएका जडीबुटी प्रशोधनका लागि संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहसँगको समन्वय गर्नुपर्नेमा सांसद शर्माको जोड थियो ।

बैठकमा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको व्यहोरा जानकारी गराएका थिए ।

सोही क्रममा अध्यक्ष तिमिल्सिनाले राष्ट्रपति रामचन्द्र पौडेलबाट विभिन्न मितिमा प्रणाणीकरण भएका विधेयक-२०८०, आर्थिक विधेयक-२०८० र राष्ट्र ऋण उठाउने विधेयक प्रमाणीकरणको विवरण पढेर सुनाएका थिए । बैठकमा अध्यक्ष तिमिल्सिनाले संघीय संसद अन्तर्गत गठिन संयुक्त समितिमा रहेका सांसद सदस्यको नाम फेरफेर गरेअनुसार राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिमा सांसद भैरवसुन्दर श्रेष्ठको सट्टा सांसद बिमला घिमिरे सदस्य रहनेगरी भएको हेरफेरको प्रस्तावलाई बैठकले सहमति जनाएको थियो ।

राष्ट्रियसभाको सोही बैठकबीच उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले 'विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भनी प्रस्तुत गरेको प्रस्तावलाई बैठकको सर्वसम्मति स्वीकृत गरेको थियो ।

# लम्पी स्किनको रोकथामका लागि निःशुल्क खोप अभियान

### लम्पी स्किनबाट हालसम्म बनेपा नगरपालिकाको वडा नं १ मा २१ वटा, वडा नं २ नम्बरमा ३० वटा गाई र वडा नं ३ नम्बरमा ३६ वटा पशु मरेको विवरण

**धुलिखेल ।** मुलुकभर फैलिरहेको लम्पी स्किन रोगको संक्रमणबाट पशुचौपाया मर्न थालेपछि काभ्रेका स्थानीय तहले संक्रमित गाईवस्तुलाई औषधि उपचारका साथै निःशुल्क खोप अभियान सञ्चालन गरिएको छ ।

संक्रमण फैलिन नदिन बेथानचोक गाउँपालिकाले निःशुल्क खोप अभियान सुरु गरेको गाउँपालिका अध्यक्ष भगवान अधिकारीले जानकारी दिए । 'विशेष गरी लम्पी स्किन संक्रमणबाट गाई मर्न थालेको जानकारी पाएपछि पशु प्राविधिक खटाएर खोप लगाउन अनुरोध गरेका थियौं' अध्यक्ष अधिकारीले भने 'त्यसले नधान्ने अवस्था भएपछि तत्काल विपद कोषबाट बजेट व्यवस्थापन गरी निःशुल्क खोप लगाउने काम गरिरहेका छौं ।' हालसम्म लम्पी स्किनको संक्रमणबाट उक्त गाउँपालिकामा मात्रै २१ वटा गाई मरेका छन् ।

पालिकाका ६ वडामध्ये १ र ६ मा अभियान सञ्चालन भइरहेको र अन्य वडामा सम्पन्न भइसकेको पालिकाले जनाएको छ । पालिकाले सुरुमा ५ सय डोज खोप खरिद गरेकोमा अपुग भएपछि थप एक हजार ५ सय डोज खरिद गरिएको अध्यक्ष अधिकारीले जानकारी दिए ।

बनेपा नगरपालिका प्रमुख शान्तिरत्न शाक्यले दैनिकजसो लम्पी स्किन रोग नियन्त्रणका लागि छलफल भइरहेको भन्दै उपायको खोजीमा किसानलाई साथ दिँदै आएको बताए । नगरपालिकाले वडा नं १ र २ बाट खोप अभियान सुरु गरिसकेको जनाएको छ । नगरपालिकाले निःशुल्क रूपमा खोप र औषधि वडा वडामा पठाइसकेकाले किसानलाई आफ्नो वडाको पशु प्राविधिकलाई सम्पर्क गरेर सेवा लिन नगरपालिकाले आग्रह गरेको छ ।

उक्त रोगबाट हालसम्म बनेपा नगरपालिकाको वडा नं १ मा २१ वटा, वडा नं २ नम्बरमा ३० वटा गाई र वडा नं ३ नम्बरमा ३६ वटा पशु मरेको विवरण नगर प्रमुख शाक्यले जानकारी दिए । नगरपालिका अन्तर्गतका करिब सात हजार ६ सय गाईमा लम्पी स्किन रोग संक्रमण भएको नगरपालिकाले जनाएको छ ।

पाँचखाल नगरपालिकाले भने खोप लगाउनका लागि ५० प्रतिशत अनुदानमा दिने जनाएको छ । नगरपालिकाले जारी गरेको सूचनाअनुसार पशुपालकलाई सहभागिता गराउने गरी खोपमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने समेत बताएको छ । नगरपालिकाले पशु प्राविधिकलाई किसानले नै सेवा शुल्क उपलब्ध गराउन जानकारी दिएको छ ।

पहिलो चरणमा खरिद गरिएको खोप अपुग भएपछि थप खोप खरिदका लागि नगरको स्रोत कम भएकाले किसानलाई ५० प्रतिशत मात्रै अनुदान दिइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले बताए । खोप लगाउने जनशक्ति कम हुँदा निजीस्तरको पशु प्राविधिकलाई साथ लिनुपर्ने अवस्था आएको र एउटा पशुलाई खोप लगाउन तिर्नुपर्ने ५० रूपैयाँ पनि पशुपालक किसानले नै बेहोर्नुपर्ने नगरपालिकाको भनाइ छ ।

यसअघि नै खोप चलाइसकेको रोशी गाउँपालिकामा समेत खोप अभियान सञ्चालन गरेको छ ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं